नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(..................शाखा)

फ्याक्स नं.
फोन नं.
टोल फ्रि नं.
ईमेल:
मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या : ०७९।०८०
प्राप्त पत्र संख्या : ............
च.नं. ०२४

मिति: २०७९।०४।१७

विषय: निर्देशन सम्बन्धमा ।

श्री नापी कार्यालय
सबै (NeLIS लागु भएका) ।

प्रस्तुत विषयमा NeLIS बाट गरिने नक्सा अद्यावधिक सम्बन्धी कार्यहरु गर्दा देहाय अनुसारको प्रक्रिया अनिवार्य रुपमा पालना गर्न/गराउन हुन विभागको मिति २०७९।०४।१७ को निर्णयानुसार अनुरोध छ ।

........................
(विष्णुराज जोशी)
नापी अधिकृत

देहाय

१. जग्गा नाप जाँच तथा नक्सा श्रेस्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०७३ को दफा ५८ (१) बमोजिम कित्ताकाट गर्दा सो सम्बन्धि सम्पूर्ण कागजात (मालपोत कार्यालयको पत्र, लिखतको किसिम मिति तथा कित्ताकाटको विवरण खुल्ने पानाहरु र भू-उपयोग वर्गीकरण सम्बन्धि स्थानिय तहको सिफारिस लगायतका कागजात) scan गरी NeLIS मा upload गर्नु पर्नेछ । साथै LRIMS बाट प्राप्त DR नं. कैफियतमा उल्लेख गर्नु पर्नेछ ।

२. डिजिटल प्रणाली मार्फत जग्गाको नाप नक्सा तथा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह निर्देशिका २०७८ को दफा १३ (४) वा पुरानो कित्ताकाट ट्रेस/नक्सा/अन्य प्रमाण बमोजिम डिजिटल प्रणाली मार्फत नक्सा अद्यावधिक गर्नुपर्ने भएमा नक्सा अद्यावधिक पुस्तिका खडा गरी कार्यालय प्रमुखबाट निर्णय गराई सो निर्णयको प्रति scan गरी NeLIS प्रणालीमा upload गर्नु पर्नेछ ।

३. जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अद्यावधिक सम्बन्धी निर्देशिका २०७३ को दफा ६९ बमोजिमको मौजुदा दर्ता श्रेस्ता भिडाउने कार्य गर्दा NeLIS प्रणालीमा रहेको हाल साविक कारोवार दर्ता गरी गर्नु पर्नेछ । सो कार्य गर्दा आवश्यक सम्पूर्ण विवरण हा.सा. विवरण मेनुमा भर्नु पर्नेछ र सोबाट generate भएको हा.सा विवरण निर्देशिका बमोजिम मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।

४. नक्सा सुधार कारोवार गर्दा जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अद्यावधिक निर्देशिका २०७३ को दफा ६८ बमोजिमका कार्य गर्नु परेमा मात्रै दर्ता गर्नु पर्नेछ । सो कारोवार सम्पन्न गर्दा आवश्यक कागजातहरु भूल सुधार पुस्तिकामा गरेको निर्णय र सुधारका प्रमाणहरु scan गरी अनिवार्य रुपमा NeLIS प्रणालीमा upload रुपमा गर्नु पर्नेछ ।

बोधार्थ तथा कार्यार्थ
श्री कित्तानापी महाशाखा :- अनुगमन गर्नु हुन ।

Scanned with CamScanner